# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
चलानी नं. :- 9663

मिति :- २०७९/१०/२३

**विषय – विवरण तथा कागजात पेश गर्ने सम्बन्धी सुचना ।**

श्री स्थानीय गैर सरकारी संस्थाहरु/समुहहरु (सबै),
दक्षिणकाली नगरपालिका ।

प्रस्तुत विषयमा यस नगरपालिका नगर कार्यापालिकाको आ.ब.०७९/०८० को छैठौं बैठकको निर्णयानुसार यस नगरपालिकाको संस्था दर्ता ऐन, २०७७ बमोजिम दर्ता हुनु भएका स्थानीय गैर सरकारी संस्थाहरुको आ.ब.०७८/०७९ को लेखापरिक्षण गर्नको लागि नगरपालिकाबाटनै लेखापरिक्षकको व्यवस्था भएको हुदाँ संस्था नविकरण गर्न लेखापरिक्षण हुनुपर्ने अनिवार्य व्यवस्था भएकोले हालसम्म लेखापरिक्षण नगराउनु भएको स्थानीय गैर सरकारी संस्थाहरुले तपसिल बमोजिमको कागजात तथा विवरणहरु सहित यस सुचनाको मितिले १० (दश) दिन भित्र यस नगरपालिका कार्यालयमा पेश गर्नु हुन अनुरोध छ । साथै तोकिएको समयमा नगरपालिकालाई विवरण उपलब्ध नहुने संस्थाको स्वयंले नै लेखापरिक्षण गराउनु पर्ने व्यहोरा समेत अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

१. संस्था दर्ता/नविकरण प्रमाणपत्र,
२. संस्थाको विधानको फोटोकपी,
३. संस्थाको माईन्यूट, प्रगति प्रतिवेदनहरु,
४. २०७८ साउन देखि २०७९ असार मसान्तसम्मको गै.स.स.को आम्दानी तथा खर्चको सक्कल वा प्रमाणित स्रेस्ताहरु,
५. टोल विकास संस्थाको बैङ्क खाताको विवरण, चेकबुक र बैङ्क स्टेटमेन्ट,
६. अघिल्लो आ.ब.को लेखा परिक्षण भएको भए सो को प्रतिवेदन,
७. माथि उल्लेख भएका बाहेक आवश्यकता अनुरुप लेखा परिक्षकबाट माग भएका अन्य कागजातहरु ।

..............................
दिपक कुमार के.सी.
वरिष्ठ शाखा अधिकृत

**नोटः लेखा परिक्षणको समयमा सहजीकरणका लागि संस्थाका अध्यक्ष वा कोषाध्यक्ष आवश्यक भएमा स्वयं उपस्थित भई लेखापरिक्षण गराउनु पर्नेछ ।**